# <u>मुड्केचुला गाऊँपालिकाको कार्यक्रम कार्यान्वयन कार्यविधि २०७७।७८</u>

## ( मुड्केचुला गाऊँ कार्यपालिकाको कार्यालय, डोल्पा )

**प्रस्तावना**

यस गाऊँपालिकाको गाऊँसभा २०७७।०३।१५ गते घोषणा गरिएको सबै नीति तथा कार्यक्रम र बजेटलाई एकरुपता समन्वय र प्रचलित एन नियम अनुरुप विधिसम्मत तबरले आव २०७७।७८ मा कार्यान्वयनमा लैजानका लागि यो कार्यविधि तयार गर्न बाञ्छनिय भएको र गाऊँपालिका भित्रका इमान्दार कर्मठशिल एवं मेहेनति ब्यक्ति, समिति र सहकारीलाइ कृषि पशुपालन पेशामा लागि योगदान गरेबापत र निजामति सेवा मा युवाहरुको प्रवेश गर्न क्षमता विकास गर्न लोकसेवा तयारी कक्षा गराउन, स्थानिय गरीव जेहेन्दार विद्यार्थीहरुलाई प्राविधिक तथा ब्यबसायिक उच्च शिक्षामा प्रवेशमा जाँगर, साथ सहयोग दिन, स्थानिय उद्मीलाई प्रोत्साहन दिन बेसहरार गरीव विद्यालय शिक्षाका विद्यार्थीहरुलाइ विपन्न लक्षित छात्रवृत्ती प्रदान गर्न विद्यालय कर्मचारीहरुलाई प्रोत्साहन रकम दिन दलितहरुका लागि छाला जुत्ता पसल संचालन स्थानिय स्तरमा निजिस्तरबाट संचालित फलाम उद्योग लाई प्रोत्साहन सिलाई कटाई तालिम संचालनार्थ नियमानुसार आवश्यक प्रकृयालाई एकरुपताका साथ संचालन गर्न आवश्यक ठानिएको हुनाले पनि यो कार्यविधि तयार पारीएको हो । यसबाट गाऊँपालिकामा शिक्षा क्षेत्रमा ब्यापक पहुँच र सिप क्षमता विकास भइ स्वयं आत्म निर्भर भई ब्यबसायमा सिर्जनशिलता र उद्मशिलता विकास भई रोजगारीमा हुनेछ भने स्थानिय पेशा ब्यबसायमा गतिशिलता दिन टेवा पुगि लघु उद्मी र कृषक लाई हौसला पुग्नेछ र समग्र गाऊँपालिकाको आर्थिक विकासमा टेवा पुगि ***"स्वास्थ्य, शिक्षा, पूर्वाधार र रोजगार, मड्केचला गाऊपालिकाको समृद्धिको आधार"*** **भन्ने मुल नाराका साथ** देश विकासमा राष्ट्रि लक्ष्य प्राप्तिमा सहयोग पुग्नेछ ।

**१ संक्षिप्त नाम र प्रारम्भ :**

यस कार्यविधिको नाम मुड्केचुला गाऊँपालिकाको कार्यक्रम कार्यान्वयन कार्यविधि २०७७।७८ रहेको छ ।

२ यो कार्यविधि लागु हुने अवस्था : यो मुड्केचुला गाऊँकार्यपालिकाको बैठकबाट पारीत भएको मितिबाट मात्र कार्यान्वयनमा आउनेछ र उक्त कार्यविधिको विस्तर्त कार्यान्वयन खाका निम्नानुसार रहनेछ :

**क) प्राविधिक उच्च शिक्षा छात्रवृत्ती :**

- पिसिएल सर्टिफिकेट तह र उच्च शिक्षामा Staff Nurse, H.A., Pharmacy, Radiography, LAB, Acupuncture, Forestry, Agriculture, अमिन, ICT, Sub-Engineering, अध्ययन गर्ने गरीव जेहेन्दार बेरोजगारहरुका छोराछोरीहरु र पालिका भित्रैका सामुदायिक विद्यालयबाट माध्यामिक शिक्षा उतिर्ण गरेकालाई १ पटक भर्ना हुँदा र बाँकि सेमेस्टर वा उतिर्ण बर्षका आधारमा निज विद्यार्थीहरुकै बाणिज्य बैंकको खातामा सम्बन्धित वडाको सिफिसका आधारमा बढिमा २ पटक उपलब्ध गराईनेछ । यो

रकम पिसिएल तहमा बार्षिक १ लाख प्रति ब्यक्ति र उच्च शिक्षा तहमा बार्षिक १ लाख ५० हजार प्रति ब्यक्ति हुनेछ । यसबाट उत्पादित भएका जनशक्तिहरु उपलब्धता भए सम्म गाऊँपालिकामा कम्तिमा २ बर्ष अनिबार्य सेवा गर्ने शर्त ब्यबस्था गिरनेछ ।

**ख) लोक सेवा तयारी कक्षा संचालन :**

यस गाऊँपालिकामा लोक सेवा तयारी कक्षा लिन ईच्छुक विद्यार्थीहरुले सम्बन्धित वडाको सिफिसका आधारमा पढने सेवा र विषय खुलाई आएमा गरीव जेहेन्दार बेरोजगारहरुका छोराछोरीहरु र पालिका भित्रैका सामुदायिक विद्यालयबाट माध्यामिक शिक्षा उतिर्ण गरेकालाई बर्षमा १ पटक उपलब्ध गराईनेछ र यो निजको नतिजा र उपलब्धिका र सम्बन्धित वडाको सिफिसका आधारमा १ जनालाई मात्र २ पटक उपलब्ध गराईनेछ । तर कक्षा वा सेमेस्टरमा अनुतिर्ण हुने र सम्बन्धित कलेज वा विद्यालयको प्रमाणित निस्सा नआएमा त्यस्ता विद्यार्थीहरुलाई यो सुविधा दिइने छैन ।

**ग) युवाहरुलाई ड्राईभीङ तालिम :**

यस गाऊँपालिकाका ९ वटै वडामा रहेका ईच्छुक जाँगरिला युवाहरुलाई पालिकामा सडक संजाल जोडिन लागेको समयमा स्वयं ब्यबसायिक सिप हाँसिल गर्न सकुन भन्ने हेतुले १ १ जनालाई हल्का र ग्रहुङ्गा यातायातका साधन चलाउने ड्राईभिङ तालिममा प्रति व्यक्ति रु ५० हजारका दरले छुट्टयाईएको छ । यसको छनौट र अन्तिम भुक्तानिसीप सिकेको प्रमाण पत्र एवं सम्बन्धित वडाको सिफिसका आधारमा उपलब्ध गराईनेछ । यसबाट उत्पादित भएका जनशक्तिहरु गाऊँपालिकामा कम्तिमा २ बर्ष अनिबार्य सेवा गर्ने शर्त ब्यबस्था गिरनेछ ।

**घ) लघु उद्दमी र उद्दयोगलाई संचालन एवं प्रोत्साहन रकम :**

यस गाऊँपालिकाकामा संचालनमा ल्याईने वा हाल संचालनमा रहेका लघु उद्दमी र उद्दयोगहरुलाई तिनको प्रकृति, उत्पादन र सम्बन्धित वडा कार्यालय र शाखाको स्थलगत प्रतिवेदनका आधारमा बार्षिक ५ वटालाई १ लाखका दरले रु ५,००,०००/- उपलब्ध गराईनेछ । यसबाट संचालित उद्दमले गाऊँपालिकाले तोकेको शर्तमा रहि जनतालाई शुपथ मुल्यमा सेवा तथा बस्तु उपलब्ध गराउनुपर्नेछ ।

**ङ) विद्यालय शिक्षामा विपन्न लक्षित छात्रवृत्ती :**

यस गाऊँपालिकाका अन्तर्गत संचालनमा रहेका १३ वटा सामुदायिक विद्यालयहरुमा अध्ययनरत गरीव जेहेन्दार बेरोजगारहरुका छोराछोरीहरुलाई कक्षामा प्राप्त गर्ने नतिजा सहितको विद्यायको सिफारिस र वडा कार्यालयको सिफारिसका आधारमा १०० जना विद्यार्थीहरुलाई मासिक १०००/. का दरले १० महिना सम्म रु १०,०००/- सम्बन्धित विद्यालयकै खाता वा सम्भव भएसम्म निज विद्यार्थीकै खाता मार्फत उपलब्त्र गराईनेछ । कक्षामा अनुतिर्ण हुने र अनुशासन हिन विद्यार्थीहरुलाई यो सुविधा दिइने छैन ।

**च) कृषक र पशुपालकलाई प्रोत्साहन रकम :**

यस गाऊँपालिकाकामा कडा मिहिनेत गरिरहेका कृषक र पशु पालकलाई तिनको पेशाको प्रकृति, उत्पादन र सम्बन्धित वडा कार्यालय र शाखाको स्थलगत प्रतिवेदनका आधारमा बार्षिक ३ वटालाई १ लाखका दरले रु ३,००,०००/- उपलब्ध गराईनेछ । यसबाट स्थानिय कृषकको मेहनत र पसीना को कदर गरि थप हौसला प्राप्त हुनेछ र स्थानिय बालि र पशुपालनमा टेवा पुग्नेछ ।

**छ) बाल बिकास केन्द्रका सहजकर्ता र विद्यालयका लेखापालहरुलाई प्रोत्साहन रकम :**
यस गाऊँपालिकाकामा रहेका १४ वटा बालबिकास केन्द्रका सहजकर्ताहरु र ३ वटा माविका लेखापालहरुलाई क्रमश मासिक ४,०००/- र ५,०००/- का दरले मासिक रुपमा १३ महिना निजको संघबाट पाउने सेवामा थप रकम प्रोत्साहन स्वरुप उपलब्ध गराइनेछ ।

**ज) फलाम उद्दयोग र दलितलाई छाला जुता पसल संचालन :**
यस गाऊँपालिकाको सहयोग र निजि उद्दम बाट संचालित फलाम उद्दयोग र दलितलाई छाला जुता पसल संचालन गर्न दिइने अनुदान सम्बन्धित वडा कार्यालय र गाऊँपालिकाको निर्णयबाट छाला जुतापसल साविकको ३ वटा गाविसको १-१ ठाऊँमा २,६०,०००/- का दरले र फलाम उद्योग २ ठाऊँमा ३,००,०००/- का दरले उपलब्ध गराईनेछ । यसबाट संचालित उद्दमले गाऊँपालिकाले तोकेको शर्तमा रहि जनतालाई शुपथ मुल्यमा सेवा तथा बस्तु उपलब्ध गराउनुपर्नेछ ।

**झ) ज्येष्ठ नागरिक सम्मान कार्यक्रम :**
यस गाऊँपालिकामा बसोबास गर्ने आदरणीय ज्येष्ठ नागरिकहरुलाई रु ४००० प्रति व्यक्ति पर्ने गरि ५६ जनालाई बस्तु तथा सेवाले विशेष कार्यक्रम गरेर सम्बन्धित वडा स्तरबाट वडा अध्यक्ष ज्युहरुकै नेतृत्वमा ज्येष्ठ नागरिक सम्मान कार्यक्रम बार्षिक रुपमा गरिनेछ ।

**ञ) अपाङ्गता भएका ब्यक्तिका लागि सहायता सामाग्री खरिद कार्यक्रम :**

यस गा गाऊँपालिकाले अपाङ्गता भएका ब्यक्तिका लागि सहायता सामाग्री खरिद गर्न स्थानिय अपाङ्गता सम्बन्धि कामकाज गर्ने सस्थासँग सकन्वय र सम्झौता गरि तोकिएका सामाग्रि खरिद एव पालिकाको रोहबरमा लक्षित बर्गका ब्यक्तिलाई वितरण गरिनेछ ।

**ट) कक्षा ११ र १२ मा विज्ञान शिक्षा संकाय संचालन :**
यस गाऊँपालिकाले आ.व. २०७७।७८ बाट संचालन गर्न लागेको कक्षा ११ र १२ मा विज्ञान शिक्षा संकाय श्री अन्नपुर्ण मावि सर्मी वडा नं. ७ मा संचालन गरिनेछ । यसको आर्थिक स्रोतको रुपमा शिक्षा तथा मानवस्रोत विकास केन्द्र सानोठिमी भक्तपुरबाट प्राप्त नमुना विद्यालय विकासको गुरुयोजना , राष्ट्रिय परीक्षा बोर्ड र यस गाऊँपालिकाले छुट्टयाएको रु २० लाख लगाएत रहनेछ । यस पालिकाको रु २० लाखबाट अनुदानबाट २ जना विज्ञान शिक्षा संकायसँग सम्बन्धित शिक्षक र यसको ब्यबस्थापन : विज्ञान ल्याब आजेटिभ लगाएतका शैक्षिक सामाग्री बापत सम्बन्धित वडाको सिफिसका आधारमा विद्यालय ब्यबस्थापन समितिको माग सहितको निर्णयबाट खर्च गरिनेछ ।

**ठ) सिलाई कटाई तालिम संचालन :**
यस गाऊँपालिकाले आ.व. २०७७।७८ बाट संचालन गर्ने सिलाई कटाई तालिमका लागि स्थानिय बालक्लब र महिला संजाल वा महिला समुहहरु सँग समन्वय गरि तिनको माग सहितको निर्णयको आधारमा र सम्बन्धित वडाको सिफिसका आधारमा तालिम सँग सम्बन्धित सामाग्रि खरिद गरि पुरुष र महिलाको १० - १० जनाको ३ समुहहरुमा गरि ३० जनालाई यो तालिम संचालन गरिनेछ ।

**ड) ईल र छहरेखोला लघुजलबिद्युत संचालन :**

यस गाऊँपालिकाले आ.व. २०७७।७८ बाट इल जलविद्युत समितिबाट पालिकाको मातहतमा उक्त आयोजना ल्याई यसको र छहरेखोला २ वटा लघुजलबिद्युत आयोजनाहरुको सम्पुर्ण संचालन ( २ जना कर्मचारीहरु : अपिरेटर र सहयोगि राखि ) मर्मत र सम्भार पालिका आफैले गर्नेछ ।

**ढ) युवा क्लब परिचालन :**

यस गाऊँपालिकाले आ.व. २०७७।७८ बाट पालिका युवा समुह परीचालन गरि बस्ति र टोलमा स्वच्छ खानेपानी सरसफाईको सचेतना बढाउन खेलकुदका कार्यक्रम र परम्परागत कुरीति हटाई सुब्यबस्था कायम गर्न आधिकारीक क्लबहरुको मागका आधारमा प्रति वडा क्लब १ लाखका दरले ९ लाख रुपैया अनुदान दिइनेछ ।

**ण) निमावि र माविमा कम्प्युटर खरिद :**

यस गाऊँपालिकाले आ.व. २०७७।७८ मा पालिका भित्रका ६ वटा निमावि र माविका सबै विद्यार्थीहरुले कम्प्युटरको प्रयोग कक्षा ६ बाटै पाठ्यक्रम अनुरुप गर्नका लागि विद्यालय क्षेत्र विकास कार्यक्रम २०७७।७८ बाट रु २४ लाख बेहोर्ने गरि प्रति माध्यामिक विद्यालय २० थान र प्रति निमावि मा १५ थान डेस्कटप गापाले नै खरिद गरि सम्बन्धित विद्यालयहरुलाई उपलब्ध गराई शिक्षण सिकाईमा प्रयोग गर्न लगाउइनेछ ।

**ण) विद्यालयको कक्षा कोठा शौचालय मर्मत कार्यक्रम :**

यस गाऊँपालिकाले आ.व. २०७७।७८ मा पालिका भित्रका १३ वटा विद्यालयहरुमा ७ वटा प्राविमा २ कोठा निमाविमा २ कोठा र माविका २ कोठा का दरले कक्षाकोठा र शौचालयका दरले मर्मत : भुई प्लास्टर भित्र बाहिर पर्खाल सिमेन्ट टिप आदि गर्नका लागि प्रति कोठा ३ लाखका दरले प्राविधिक ईष्टिमेटका आधारमा सम्बन्धित विद्यालयको मागका आधारमा कार्यसम्पन्न गराईनेछ ।

**त) दुर्लभ बन्यजन्तु संरक्षण कार्यक्रम :**

यस गाऊँपालिकाले आ.व. २०७७।७८ बाट यस पालिका क्षेत्र भित्र पाइने दुर्लभ बन्यजन्तुहरु : रेड पाण्डा डाँफे कस्तुरी बाघ आदिको संरक्षण गर्न संघीय सरकार प्रदेश सरकार र अन्य निकायहरुसँग समन्वय र सहकार्यहरुमा आवश्यक कामकाज गर्नका लागि म्याचिङ्ग फन्डका रुपमा ९,००,०००। रुपैंया का पुरक र सहयोगि कार्यक्रमहरु तय गरि खर्च गरिनेछ ।

**थ) सामुदयिक बन संरक्षण कार्यक्रम :**

यस गाऊँपालिकाले आ.व. २०७७।७८ बाट यस पालिका क्षेत्र भित्र रहेका ९ वटै सामुदायिक बन उपभोक्ताहरु सँग समन्वय र सहकार्य गरि हातेमालो कार्यक्रमको रुपमा प्रत्येक वडाका सामुदायिक बन उपभोक्ता समुहलाई १-१ लाखका दरले तीनको ब्यबस्थापन खर्च ( स्थानिय बन संरक्षक खर्च बैठक खर्च र स्टेशनरी लगाएत कार्यालय ब्यबस्थापन खर्च ) बापत बन समितिकै निर्णयका आधारमा प्रयोग गरिनेछ ।

**द) जनचेतनामुलक कार्यक्रम :**

यस गाऊँपालिकाले आ.व. २०७७।७८ मा पालिका भित्रका कार्यापालिका दलित एवं महिला सदस्यहरुले मात्र संचालन गर्ने गरि मागमा आधारीत वडा एवं गापा स्तरका जनचेतनामुलक कार्यक्रमहरु संचालन गरिनेछ

**ध) ६ नं वडाका आयोजनाहरुका कार्यक्रम :**

यस गाऊँपालिकाको वडा नं ६ अन्तर्गतका आ.व. २०७७७।७८ का आयोजनाहरु प्राविधिक ईस्टिमेट र स्थलगत अनुगमनका आधारमा वडाका सिफारिसको आधारमा निर्धारित समयमै सम्पन्न गर्ने गरि संचालन गरिनेछन् ।

**न) मोबाईल टावर र एफ एम रिपिटर मर्मत एव जडान कार्यक्रम :**

यस गाऊँपालिकाले आ.व. २०७७७।७८ मा शुरुको ३ महिना भित्र सम्पन्न गर्ने गरि मोबाईल टावर कालिकाको पातेल्ना लेक र आक्ट लेकमा २ वटा रिपिटर टावर राखि नेपाल टेलिकम कर्णाली प्रदेश कार्यालय र डोल्पा जिल्ला कार्यालयको समन्वय र सहकार्यमा सम्पन्न गरिनेछ र एफ एम रिपिटर टावर ६ महिना भित्र सम्पन्न गरिनेछ ।

**य) राहत कोष तथा कोरोना महामारी विरुद्ढ गापाको कार्यक्रम :**

यस चालु आव २०७७।७८ मा पनि गापाले विविध खाले विपदका प्रकतिहरुसँग ब्यबस्थापन तथा अनुकुलनका कार्यक्रमहरु संचालन गर्न स्थानिय विपद व्यबस्थापन समिति र कार्यपालिको निर्णयका आधारमा यस सँग सम्बन्धित कार्यक्रम प्रचलित एन नियमानुसार संचालन गरिनेछ ।

**र) १ वडा १ सहकारी कार्यक्रम :**

यस गाऊँपालिकाले गत आ.व. २०७६।७७ देखि शूरु गरेको यस १ वडा १ सहकारी कार्यक्रम मुख्यत स्थानिय वडाहरुमा सहकारीको मर्म बुझाउने सहकारीका अधिकतम सदस्यहरु बढाई बचत बृद्धि गर्ने र गापा बाट अनुदानका रुपमा प्रत्येक सहकारीलाई ५ देखि ६ लाख ५० हजार रकम र सहकारी सदस्यको ब्यक्तिगत निजि लगानीबाट १ वडा १ सुपथ मुल्य पसल संचालन गरिनेछ । यस्ता पसलहरुको दैनिक उपभोग्य सामानहरुको मुल्य शुपथ हुनेछ र सम्बन्धित सहकारिको बोर्डबाट पारित ब्याजदर लागु गरि सहकारीको निक्षेप बृद्धि गरिदै लगिनेछ ।

**ल) गापाको स्काभेटर संचालन :**

यस गाऊँपालिकाले आ.व. २०७५।७६ देखि गापाकै नाममा किनेर संचालनमा ल्याईएको CAT 323 D नामको स्काभेटर गाऊँ कार्यपालिकाले पारीत गरेको र समयानुकुल अद्यावधिक गरेको स्काभेटर संचालन कार्यविधि अनुरुप प्रयोगमा ल्याई यसले गरेको आम्दानी स्थानिय राजस्वमा आम्दानि बाँधिनेछ र यस शिर्षकमा छुट्टयाइएको रकम खर्च गरिनेछ ।

**व) मुड्केचुलाको शान, स्थानीय तेल उत्पादन :**

यस गाउँपालिकाको सबै ९ वटै वडाहरुमा माटो सुहाउदो भई हुने १ मात्र उत्पादन सथानीय कृषि बालि :तोरी र सुर्यमुखी खेतीबाट तोरी र सुर्यमुखी तेल उत्पादननै हो । यस लाई मुड्केचुलाको शान, स्थानीय तेल उत्पादन को मुख्य नाराबाट प्रत्येक वडाहरुमा मूख्य मुख्य कृषक, समुह र सहकारीहरुमार्फत कृषि उत्पादन शूरु गरि ती प्रत्येकको उत्पादन वडाहरुमार्फत गाऊपालिकाले खरिद गर्ने, उत्कृष्ट कृषकलाई प्रोत्साहन रकम दिने र स्थानीय २ वटा तेल पेल्ने लघुउद्योगहरुबाट लेबलिंग सहितको विभिन्न प्याकेजिंगमा तोरी र सुर्यमुखी तेल उत्पादन गर्न आवश्यक कार्यविधि सहित रु.२० लाख ब्यबस्था गरिएको छ । यो कार्यकम चालु आव २०७७।७८ बाट शुरु गरि आगामी ३ बर्षभित्र सबै कृषक र स्थानीयहरुको सहभागिता र सरोकारवालाहरुको साझेदारी अभिबृद्धि गरिनेछ ।